# मर्स्याङ्दी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भुलभुले, लमजुङ

गण्डकी प्रदेश, नेपाल

**सेवा करारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२**

पारित मितिः २०८२/०३/०३

CamScanner

# सेवा करारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः

समाजलाई सकारात्मक बाटोमा हिडाउँदै दण्डहिनताको अन्त्य गरी कानुनी शासनको राज्यव्यवस्था, शुसासन, पारदर्शिता एवम् भ्रष्टाचारमुक्त पालिका बनाउने लक्षकासाथ सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न, विपद् व्यवस्थापन, खोजी, उद्धार, राहत तथा पुनः स्थापना लगायत अनाधिकृत निर्माण एवं सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम र नियन्त्रण गर्न साथै पालिका भित्र अमनचयनको शान्तिपुर्ण वातावरण सृजना गरी समृद्ध गाउँपालिका सुखि जनता बनाउने लक्ष प्राप्तीको लागी प्रतिस्पर्धाको आधारमा सेवा करारमा गाउँ प्रहरीको नियुक्ति गरि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा -२) (क) मा व्यवस्था भएका कार्यहरुमा सहयोग पुयाउनको लागि वाञ्छनीय भएकोले, मर्स्याङ्दी गाउँपालिका प्रहरी ऐन २०८० को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद — १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१. यस कार्यविधिको नाम "सेवा करारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

२. यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखी प्रारम्भ हुने छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "अध्यक्ष" भन्नाले मर्स्याङ्दी गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

२. "ऐन" भन्नाले "मर्स्याङ्दी गाउँपालिका पालिका प्रहरी ऐन, २०८०" सम्झनु पर्दछ ।

३. "कार्यविधि" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको सेवा करारमा नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

४. "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

५. "गाउँ प्रहरी" भन्नाले कार्यविधि बमोजिम सेवा करारमा नियुक्त भएको गाउँ प्रहरीलाई सम्झनु पर्दछ ।

६. "समिति" भन्नाले ऐनको दफा ६ (४) बमोजिमको पदपूर्ती समितिलाई सम्झनु पर्दछ ।

७. "गाउँपालिका" भन्नाले मर्स्याङ्दी गाउँपालिकालाई बुझ्नुपर्दछ ।

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner

## परिच्छेद — २

### गाउँ प्रहरीको गठन, रेखदेख र नियन्त्रण

**३. गाउँपालिका र गाउँ प्रहरीको सम्बन्धः** गाउँपालिकाका प्रशासन शाखा अन्तर्गत रहने गरि गाउँ प्रहरी नियुक्त गरिनेछ । समस्त गाउँ प्रहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछ । गाउँ प्रहरी गाउँ कार्यपालिकाको कार्यालय प्रति उत्तरदायी हुनुपर्नेछ ।

**४. गाउँपालिकामा रहने गाउँ प्रहरीको संख्या, पद र तहः**

१. गाउँपालिकामा रहने गाउँ प्रहरीहरुको दरवन्दी संख्या, पद, तह र सेवा सुविधा गाउँ सभाले स्वीकृत गरे वमोजिम हुनेछ ।

## परिच्छेद — ३

### गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार

**५. गाउँ प्रहरीको काम, कर्तव्य र अधिकारहरुः**

(क) ऐनको दफा ५ मा उल्लेखित काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

१. सार्वजनिक आवागमनमा वाधा पुर्याइ राखेका निर्माण सामाग्री, पसल, वा व्यवसायबाट भएको अवरोध हटाउन नमानेमा आफै हटाईदिने। यसरी हटाउँदा लाग्ने खर्च र तोकिए बमोजिमको जरिवाना सम्वन्धित व्यक्तिवाट असूल उपर गर्ने ।

२. गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने । सो बमोजिम नगर्नेलाई कानून बमोजिम कारवाही गर्ने ।

३. सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, खोला नाला, ढल, चोक, पोखरी मिचेर कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको पाइएमा हटाउने । कसैले निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन पेश गरि प्रमुखको आदेश बमोजिम गर्ने ।

४. गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नम्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्ने । मापदण्ड विपरीत निर्माण भएको देखिए प्रमुखबाट भत्काउने आदेश दिएमा भत्काउने ।

५. गाउँपालिका क्षेत्रभित्र छाडा पशु पन्छीहरु पक्राउ गरि आदेश बमोजिम व्यवस्थापन लिलाम गर्ने, गराउने ।

६. स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्री गरेको

पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउने राय गाउँपालिका अध्यक्ष समक्ष पेश गर्ने ।

७. रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जिवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरि नष्ट गर्ने साथै जरिवाना समेत गर्ने राय अध्यक्ष समक्ष पेश गर्ने ।

८. छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

९. खतरा उत्पान्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

१०. वडा समिति, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११. गाउँ सभा, गाउँ कार्यपालिका बैठक, विभिन्न समिति, न्यायिक समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्माण, ऐन, र कानुनको कार्यान्वियन गर्ने ।

१२. गाउँपालिकाको सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

१३. विना ईजाजत पसल, व्यवसाय, उद्योग, वा कलकारखाना सञ्चालन गरेको फेला परेमा तिनीहरुको दर्ता र नविकरण गर्न लगाउने । बिना ईजाजत मादक पदार्थको बिक्री वितरण गर्ने पसलहरु छानबिन गरि तोकिए बमोजिम कारवाही गर्ने । साथै मादक पदार्थ सेवन गरि होहल्ला गर्ने व्यक्ति र पसलहरुलाई कारवाही गर्ने ।

१४. गाउँपालिकाको क्षेत्रमा निषेधित भित्ते लेखन, व्यानर, विज्ञापन, प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने । अटेर गर्नेलाई कारवाहीको लागि सिफारिस गर्ने ।

१५. गाउँपालिकाको ईजाजत नलिई वा गाउँपालिकाको स्वीकृत बेगर व्यानर, होर्डिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरि ईजाजत लिन लगाउने नमानेमा कारवाहीका लागि सिफारिस गर्ने ।

१६. गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, मेला, जात्रा आदी जस्ता कार्यक्रमहरुमा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम जिम्मेवारी निर्वाह गर्ने ।

१७. बजार अनुगमन गर्ने, नांपतौलका समाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्ने ।

१८. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज र पार्लर जस्ता व्यवसायीक गतिविधिहरुको निरिक्षण गर्ने र मापदण्ड अनुरुप नचलेको पाइएमा कारवाहीको लागि पेश गर्ने । अवैध मदिराको

बिक्री तथा वितरण र त्यसको सेवन गरेको पाइएमा आफ्नो गाउँपालिकामा जानकारी गराउने ।

१९. गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जुवा, तास, पोट, क्यारमबोर्ड, मादक पदार्थ सेवन तथा धुम्रपान सेवन लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने तर जादु र सर्कस देखाउन गाउँपालिकाको अनुमति लिए नलिएको जाँच गर्ने ।

२०. व्यवसायीहरुले सडक क्षेत्र ओगटेर राखेका सामानहरु हटाउन लगाउने, हटाउन नमानेमा त्यस्ता सामानहरु जफत गरि गाउँपालिकामा पेश गर्ने । गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका वजार व्यवस्थापन गर्ने ।

२१. अरुलाई वाधा पुग्ने गरि लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन/प्रशारण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा वजारमा ध्वानी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरि उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

२२. वजार क्षेत्रमा तिव्र गतिमा सवारी साधानहरु चल्न नदिने। गाउँपालिका क्षेत्रभित्र यातायातका साधन तथा मोटरसाइकल चालकले आफुसँग हुनु पर्ने कागजात नराखेको वा नभएको पाईएमा सवारी तथा मोटरसाईकल आवतजावतमा रोक लगाउने ।

२३. गाउँपालिका क्षेत्र भित्रका नीजि सुरक्षा गार्ड आपूर्ती व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरि लगत राखे र निजहरुको अनुगमन गर्ने ।

२४. विपद, महामारी भएमा खोजी, उद्धार तथा राहत तथा पुर्नस्थापनाका लागि आदेश बमोजिम तुरुन्त खटीजाने र तोकिएको कार्य गर्ने ।

२५. गाउँपालिका भित्रका शाखा, योजना, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए वमोजिमका कार्यहरु गर्ने/गराउने ।

२६. गाउँपालिकावाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरि सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२७. माथि तोकिए वमोजिमका कार्यहरुमा समन्वय गरि जिम्मेवारी लिई जवाफदेहिता समेत वहन गर्ने ।

२८.गाउँपालिकाको ईजाजत नलिईकन चलाईएको अटो,भ्यान जस्ता यातायातका साधनहरुलाई निगरानी र नियन्त्रण गर्ने ।

२९. आगलागी, हावाहुरी, भुकम्प जस्ता विपद भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्ने कार्यमा सहयोग गर्ने ।

३०. गाउँपालिकाले तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने/गराउने ।

(ख) गाउँ प्रहरी सहायक निरीक्षकले गाउँ प्रहरी जवानहरुलाई आदेश बमोजिम खटन-पटनमा नेतृत्व र सहयोग गर्नु, गाउँपालिकाको आदेशहरु कार्यान्वयन गर्नुका अलावा माथि दफा ५ (क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ । भने गाउँ प्रहरी जवानहरुले गाउँ प्रहरी

सहायक निरीक्षकको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलावा माथि दफा ५ (क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ । साथै गाउँपालिकाको विकाश निर्माण अमन चयन, न्याय निरुपणमा आवश्यकता बमोजिम पालिकाको आदेशमा सहयोग गर्नु पर्ने छ ।

## परिच्छेद — ४
## पदपूर्ती र योग्यता

**६. पदपूर्ती गर्ने तरिकाः** गाउँ प्रहरी सेवा करारमा राख्ने प्रयोजनको लागि देहाय बमोजिमका तरिकाबाट छनौट गरिनेछ ।

१. गाउँ प्रहरी को छनौट खुल्ला प्रतिस्पर्धाद्वारा हुनेछ । यसरी खुल्ला प्रतिस्पर्धाद्वारा छनौट गर्दा गाउँ प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये कम्तिमा ३३% महिला छनौट गरिनेछ।

२. गाउँ प्रहरीको पदपूर्तीका लागि देहाय बमोजिमका एक पदपुर्ती समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) जिल्ला प्रहरी/स्थानीय प्रहरी कार्यालयबाट अधिकृत स्तरको प्रतिनिधि | सदस्य |
| (ग) प्रशासन शाखा हेर्ने अधिकृत स्तरको कर्मचारी | सदस्य सचिव |

३. पदपूर्ति गर्दा परिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

**(क) छोटो सूचीः** गाउँ प्रहरीमा दखास्त दिने उम्मेदवारहरुको फर्मलाई शैक्षिक योग्यता, स्थायी बसोबास, कार्य अनुभवलाई आधार मानी छुट्टा छुट्टै अंक निर्धारण गरि कम्तिमा ४० अंक ल्याउने उम्मेदवारहरुको छोटो सूची प्रकाशन गरिनेछ । जस अन्तर्गत शैक्षिक योग्यताको लागि विशिष्ट श्रेणीमा पास हुनेको अंक ४०, प्रथम श्रेणीको अंक ३५, द्धितीय श्रेणीको अंक ३०, तृतीयको अंक २५, स्थानीय बासिन्दाको लागि पूर्णाङ्क १० जसमा मर्स्याङ्दी गाउँपालिकाको बासिन्दा भएमा १०, सम्बन्धीत जिल्लाको बासिन्दा भएमा ५ र अन्य जिल्लाको बासिन्दा भएमा ० अंक प्रदान गरिनेछ । त्यसैगरी पूर्व नेपाली सेना, र नेपाल प्रहरी, सशस्त्र प्रहरी बलमा कार्यरत भएमा कम्तिमा ५ (पाँच) वर्ष सेवा गरेकालाई ५ अंक प्रदान गरिनेछ ।

**(ख) शारीरिक परिक्षणः** छोटो सूचीमा परेका उम्मेदवारहरुको मात्र शारीरिक परिक्षणको लागि दफा ७ को उपफा १ को (ङ), (च) (छ) र (ज) तथा उपदफा २ को (ङ), (च) (छ) र (ज) लाई आधार मानिनेछ । शारीरिक परिक्षणको लागि कुनै अंक प्रदान गरिने छैन तर आधारहरु सबैममा भने उतीर्ण भएको हुनुपर्छ । शारीरिक परिक्षण उत्तीर्ण गरे पश्चात मात्र देहाय बमोजिम मूल्याकन गरि उम्मेंदवारहरुलाई लिखित परिक्षणमा समावेश गरिनेछ ।

(अ) शैक्षिक योग्यताको लागि माथिल्लो योग्यतालाई प्राथमिकता दिईनेछ ।

(आ) स्थानीय बासिन्दाको लागि पूर्णाङ्क १० रहनेछ । मर्स्याङ्दी गाउँपालिकाको बासिन्दा भएमा १० (दश) अंक, सम्बन्धित जिल्लाको बासिन्दा भएमा ५ अंक र अन्य क्षेत्रको भएमा शून्य अंक प्रदान गरिनेछ ।

(इ) पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलभई कम्तिमा ५ (पाँच) वर्ष सेवा गरेकोलाई ५ अंक प्रदान गरिनेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त संगै बुझाउनु पर्नुछ ।

**(ग) लिखित परिक्षाः** लिखित परिक्षाको लागि पदपूर्ती समितिले ५० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर बस्तुगत प्रश्नपत्र तयार गरि लिखित परिक्षा सञ्चालन गर्नु पर्नेछ ।

**(घ) अन्तरवार्ताः** अन्तरवार्ताको लागि पुर्णाङ्क ३० रहनेछ । यस अनुसार अंक प्रदान गर्दा न्युनतम १२ र अधिकतम २१ अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

४. समितीले एक जना अध्यक्ष र सम्बन्धित विषयको विज्ञ समेत रहने गरि कम्तीमा ३ सदस्य रहेको अन्तवार्ता समिति गठन गर्नुपर्नेछ ।

५: पदपूर्ती समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परिक्षाको लागि पाठ्यक्रम निर्धारण तथा प्रश्नपत्र तयार, विज्ञापन, सञ्चालन तथा नतिजा प्रकाशन गर्ने ।

(ख) दरखास्त फाराम उपर छानविन गर्ने ।

(ग) छनौटका लागि कार्यतालिका बनाउने ।

(घ) योग्यताक्रम सूची तयार गर्ने ।

(ङ) नियुक्तिका लागि सिफारिस गर्ने ।

**७. योग्यताः**

१. गाउँ प्रहरी सहायक निरीक्षक पदको लागि निम्नलिखित योग्यता भएको नेपाली नागरिकले दरखास्त दिन सक्नेछन् ।

क. दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ४० वर्ष ननाघेको,

ख. मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको, वा कम्तिमा ८ कक्षा पास भई पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको जवान पद भन्दा माथि कम्तिमा ८ वर्ष काम गरेको अनुभव प्राप्त गरेको हुनपर्ने,

ग. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

घ. कुनै राजनीतिक दलको सदस्य नरहेको,

ङ. पुरुष उम्मेदवारको लागि घटिमा ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि घटिमा ५ फिट उचाई भएको ।

च. छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

छ. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

ज. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

झ. नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

२. गाउँ प्रहरी जवान पदको लागि निम्नलिखित योग्यता भएको व्यक्तिहरुले भाग लिन सक्नेछन् ।

क. दरखास्त आह्वान भएको अन्तिम म्याद सम्ममा घटिमा १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभूत तह उत्तीर्ण गरेको ।

ग. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ. कुनै राजनीतिक दलको सदस्यता नरहेको ।

ङ. पुरुष उम्मेदवारको लागि घटिमा ५ फिट ५ इन्च र महिला उम्मेदवारको लागि घटिमा ५ फिट उचाई भएको ।

च. छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

छ. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

ज. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

झ. नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

## परिच्छेद — ५

## विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था

**८. विज्ञापन सम्बन्धी व्यवस्थाः** समितिले गाउँ प्रहरी पदपूर्तीको लागि विज्ञापन गर्नुपर्दा गाउँपालिकाको करार कर्मचारी भर्ना समितिले बनाएको ढाँचामा विज्ञापन तयार गरि गाउँपालिकाको स्थानीय दैनिक पत्रिका, सूचना पाटी, वेवसाइट, फेसबुक पेज वा अन्य कुनै सार्वजनिक स्थलमा बढीमा १५ (पन्ध्र) दिनको म्याद सहितको सूचना प्रकाशन गर्नु पर्नेछ ।

**९. दरखास्त फाराम र प्रवेशपत्र सम्बन्धी व्यवस्थाः** प्रकाशित विज्ञापन बमोजिम उम्मेदवारहरुले तोकिएको ढाँचामा दरखास्त फाराम भरि कार्यालयमा बुझाउनु पर्दछ । पदपूर्ती समितिले विज्ञापनमा निर्धारण गरेको दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्याद भित्र उम्मेदवारले दरखास्त फाराम बुझाउनु पर्नेछ । दरखास्त फाराम भरिसकेपछि उम्मेदवारले समिति मार्फत प्रवेश पत्र पाउनेछन् ।

१०. **नतिजा प्रकाशन र सूचीकृत गर्नुपर्ने:** समितिले योग्यतक्रम निर्धारण गरि सोही बमोजिम सूचीकृत समेत गरि गाउँ प्रहरी कर्मचारी छनौट भएको नतिजा स्थानिय दैनिक पत्रिका, गाउँ पालिकाको सूचना पाटी, वेवसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन र सूचीकृत गर्दा वैकल्पिक उम्मेवार सहित विज्ञापनमा माग गरिएको पद संख्याको दोब्बर संख्यामा गर्नु पर्नेछ ।

११. **सिफारिस तथा नियुक्तिः** दफा १० बमोजिमको कार्य सम्पन्न भए पश्चात पदपूर्ती समितिले नियुक्तिको लागि कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ । सिफारिस भई आएका गाउँ प्रहरीलाई गाउँ कार्यपालिकाले सेवा करारमा नियुक्त गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिइनेछ ।

## परिच्छेद — ६
## करार सम्बन्धी व्यवस्था

१२. **करार गर्ने:**

१. गाउँपालिकाले छनौट भई सूचीकृत गरेका मुख्य उम्मेदवारलाई १५ -पन्ध्र) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

२. उपदफा (१) वमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवार सँग कार्यालयले करार सम्झौता गर्नुपर्नेछ ।उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार सम्झौता गर्न सकिनेछ ।

३. उपदफा (२) बमोजिम करार गरे पश्चात नियुक्ति पत्र कार्यालयले गाउँ प्रहरी कर्मचारीलाई दिनुपर्नेछ र कार्यालयले कर्मचारी परिचयपत्र दिएर काममा खटाउनु पर्नेछ।

४. यस कार्यविधि बमोजिम करार गर्दा ६ महिना देखी वढीमा १ वर्ष सम्मका लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधी हेरी करारको अवधी घटाउन सक्नेछ ।

५. उपदफा (४) बमोजिम सेवा करारमा लिएको व्यक्तिलाई पुनः निरन्तरता दिनुपर्ने भएको खण्डमा निजको कार्यसम्पादन मूल्याङ्कन गरि कार्यसम्पादन सन्तोषजनक पाइएको खण्डमा कार्यपालिकाको निर्णयानुसार सेवा करार म्याद थप गरिनेछ ।

६. गाउँ प्रहरी कर्मचारीले स्वच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन ।

७. यस दफा विपरितको अवधि उल्लेख गरि वा करारमा उल्लेख भए भन्दा वढी रकम भुक्तनी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरि असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

**१३. कार्य शर्त, पारिश्रमिक र अवधिः**

१. यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएको गाउँ प्रहरी कर्मचारीको मासिक पारिश्रमिक हुनेछ । स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिने छ ।

२. कार्यालयले स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ । तर करार सम्झौतामा उल्लेख गरिएको भ्रमण भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन ।

३. कार्यालयले करारका गाउँ प्रहरी कर्मचारीको पारिश्रमिक भुक्तनी गर्दा निजले महिना भरि गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित शाखाको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

४. यस कार्यविधि बमोजिम गाउँ प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि कुनै पनि दाबी गर्न पाउने छैन ।

५. उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधि एक पटकमा ६ महिना वा १ वर्ष भन्दा बढी हुने छैन ।

**१४. करार समाप्तीः** करार सम्झौता गरिएको गाउँ प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत कार्यालयले सिफारिस गरेमा गाउँपालिका अध्यक्षले आवश्यक छानविन गर्न लगाई सफाईको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ ।

## परिच्छेद — ७
## विविध

**१५. गाउँ प्रहरीको सेवा र सुविधाः** गाउँ प्रहरीको चाड पर्व खर्च, पोशाक खर्च लगायत अन्य सेवा र सुविधाका विषयमा गाउँ कार्यपालिकाले बेला बेलामा बैठकबाट निर्णय गरी तोके बमोजिम हुनेछ ।

**१६. विदाः** गाउँ प्रहरीको विदा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । अन्य विदाको विषयमा भने कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

**१७. पोशाकः** गाउँ प्रहरीले डिउटी समयमा लगाउने पोशाक गाउँपालिकाले तोकेबमोजिम हुनेछ । डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य रुपमा लगाउनु गाउँ प्रहरीको कर्तव्य हुनेछ ।

**१८. डिउटी अवधिः** गाउँ प्रहरीको अवधि विहान ६ वजे देखी वेलुकी ८ वजे सम्म रहनेछ । प्रत्येक गाउँ प्रहरीले तालिका बमोजिम दैनिक रुपमा कम्तिमा १० घण्टा डिउटी गर्नुपर्ने समय मिलाइनेछ ।

**१९. व्याख्या, खारेजी वा बचाउ गर्ने अधिकारः** यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्यख्या, खारेजी वा वचाउ गर्नु पर्ने भएमा त्यस्तो अधिकार गाउँ कार्यापालिकालाई रहनेछ ।

**२०. अमान्य हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरु संघीय वा प्रादेशिक वा मर्स्याङ्दी गाउँपालिकाको स्थानीय कानून सँग वाझिएको हदसम्म अमान्य हुनेछन् ।



CamScanner